भीमेश्वर नगरपालिका

दोलखा जिल्ला, बागमती प्रदेश

# भीमेश्वर नगरपालिका राजपत्र

नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड : ४ संख्या : ४ मिति: २०७७/१०/१०

भाग-१

## सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

प्रमाणीकरण मिति : २०७७/१०/१०

**प्रस्तावना :**

सार्वजनिक निजी साझेदारीको माध्यमबाट पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रूपमा सेवा सुविधा प्रवाह गर्न र

नगरपालिकाको भौतिक, आर्थिक र सामाजिक विकास गर्नका लागि आयोजना विकासमा निजी क्षेत्रबाट लगानी र व्यवस्थापन गराउने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहको अधिकार सूची र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को गाउँपालिका तथा नगरपालिकाको अधिकारको उपदफा २ (छ) बमोजिम संविधानको धारा २२६ को उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी भीमेश्वर नगरपालिकाका आठौं नगर सभाले यो ऐन जारी गरेको छ।

### परिच्छेद – १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम 'भीमेश्वर नगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७७' रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुने छ ।

(३) यो ऐन भीमेश्वर नगरपालिका क्षेत्रभित्र लागु हुने छ ।

२. परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा –

(क) **'अनुमतिपत्र'** भन्नाले परियोजना कार्यान्वयन गर्न दफा २३ बमोजिम दिइएको अनुमतिपत्र सम्झनुपर्छ ।

(ख) **'अनुमतिपत्र प्राप्त व्यक्ति'** भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ग) **'आशयपत्र'** भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा दफा १० बमोजिम माग गरिएको आशयपत्र/मनसायपत्र सम्झनुपर्छ ।

(घ) **'उपभोक्ता'** भन्नाले परियोजनाबाट सेवा सुविधा उपभोग गर्ने व्यक्ति सम्झनुपर्छ ।

(ङ) **'एकाइ'** भन्नाले नगरपालिकामा स्थापित दफा ४९ बमोजिमको सार्वजनिक निजी साझेदारी एकाइ सम्झनुपर्छ ।

(च) **'कार्यपालिका'** भन्नाले भीमेश्वर नगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

(छ) **'कार्यालय'** भन्नाले भीमेश्वर नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(ज) **'तोकिएको'** वा **'तोकिएबमोजिम'** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(झ) **'नगरपालिका'** भन्नाले भीमेश्वर नगरपालिकालाई सम्झनुपर्दछ ।

(ञ) **'निर्माण'** भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास वा पुनर्स्थापन गर्ने कार्य सम्झनुपर्छ । (ट) **'परियोजना'** भन्नाले पूर्वाधार संरचनाको निर्माण वा सञ्चालन गर्न यस ऐनबमोजिम कार्यान्वयन गरिने परियोजना/आयोजना सम्झनुपर्छ ।

(ठ) **'पुनर्स्थापन'** भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निर्माण गरी पुनर्स्थापन गर्ने काम सम्झनुपर्छ ।

(ड) **'पूर्वाधार संरचना'** भन्नाले सडक, सुरुङ मार्ग, पुल, अस्पताल, नहर, विद्युत उत्पादनगृह, विद्युत प्रसारण लाइन, ऊर्जा उत्पादन तथा वितरण, केबुलकार लाइन, रेल्वे लाइन, ट्रलिबस संरचना, ट्रामवे, सुख्खा बन्दरगाह, जलमार्ग, परिवहन बिसौनीस्थल, विमानस्थल, प्रदर्शनीस्थल, पार्क, जलाशाय, बाँध, ढल निकास, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, बधशाला, रङ्गशाला, सार्वजनिक सभागृह, बहुआवासीय भवन, व्यावसायिक भवन वा सार्वजनिक गोदामघर निर्माण सम्झनुपर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचनासमेतलाई जनाउँछ ।

(ढ) **'प्राविधिक समिति'** भन्नाले दफा ५१ बमोजिमको परियोजना सम्बन्धी सुझाव दिनका लागि गठन भएको प्राविधिक समिति सम्झनुपर्छ ।

(ण) **'रोयल्टी '** भन्नाले दफा २८ बमोजिम नगरपालिकालाई प्राप्त हुने रोयल्टी सम्झनुपर्छ ।

(त) **'व्यक्ति'** भन्नाले प्राकृतिक तथा कानुनद्वारा सृजित व्यक्ति सम्झनुपर्छ ।

(थ) **'शुल्क'** भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराएबापत उपभोक्तासँग लिन पाउने सेवा शुल्क सम्झनुपर्छ ।

(द) **'समिति'** भन्नाले दफा ४७ बमोजिम गठन हुने सार्वजनिक निजी साझेदारी समिति सम्झनुपर्छ ।(ध) **'सम्झौता'** भन्नाले परियोजना कार्यान्वयन गर्न दफा २० बमोजिम प्रस्तावकसँग गरिएको सम्झौता सम्झनुपर्छ ।(न) **'सर्वेक्षण'** भन्नाले परियोजना कार्यान्वयन गर्नका लागि गरिने सर्वेक्षण

सम्झनुपर्छ र सो शब्दले परियोजनाको सम्भाव्यता अध्ययन, इन्जिनियरिङ डिजाइन कार्य र त्यसका लागि गरिने अन्वेषणसमेतलाई जनाउँछ ।

(प) **'सार्वजनिक निजी साझेदारी'** भन्नाले सार्वजनिक सेवासँग सम्बन्धित कुनै परियोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन वा सम्भार तथा वित्तीय लगानी र आम्दानी बाँडफाँटमा आंशिक वा पूर्ण रूपमा निजी क्षेत्रलाई संलग्न गराउने गरी सार्वजनिक निकाय तथा निजी संस्थाबिच भएको करारीय प्रबन्ध सम्झनुपर्छ ।

## परिच्छेद – २

## परियोजना पहिचान तथा स्वीकृति

(१) पूर्वाधार संरचना निर्माण, सञ्चालन र/वा

**३. सार्वजनिक निजी साझेदारीमा परियोजना कार्यान्वयन गर्न सकिने :** पूर्वाधार संरचना निर्माण, सञ्चालन र/वा व्यवस्थापन सम्वन्धी कुनै परियोजना सार्वजनिक निजी साझेदारीमा यस ऐनबमोजिम कार्यान्वयन गर्न सकिने छ ।

(२) सार्वजनिक निजी साझेदारी परियोजनामा देहायका विशेषताहरूको समिश्रण भएको हुनुपर्ने छ ।

(क) पूर्वाधार सेवाको निर्माण, पुनर्स्थापना वा आधुनिकीकरण गर्ने उद्देश्यका लागि निजी निकायको पूर्ण वा आंशिक पुंजी लगानी भएको,

(ख) निजी निकायलाई पूर्वाधार वा सेवाको सञ्चालन, मर्मत वा सेवा प्रदान गर्ने गरी जिम्मेवारी दिइएको वा सञ्चालन तथा मर्मत गर्न दिने गरी परियोजनाको व्यवस्थापन सम्झौता भएको,

(ग) निजी निकायलाई पूर्वनिर्धारित मापनयोग्य मानक अनुसारको कार्यसम्पादनसँग आवद्ध भुक्तानीको व्यवस्था भएको,

(घ) निजी निकायबाट पूर्ण वा आंशिक रूपले आम्दानीको जोखिम व्यहोर्ने व्यवस्था स्वीकार गरिएको,

(ङ) आयोजनाको सम्झौता अवधि स्पष्ट भएको ।

**४. सार्वजनिक निजी साझेदारीका ढाँचाहरू :** दफा ३ को अधिनमा रही सार्वजनिक निजी साझेदारीका ढाँचाहरू देहायबमोजिम हुनसक्ने छ ।

(क) सञ्चालन पुंजीबाहेक निजी लगानी आवश्यक नपर्ने प्रकृतिको सञ्चालन तथा व्यवस्थापन करार,

(ख) न्यून वा उल्लेखनीय निजी पुंजी आवश्यक पर्ने निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण करार,

(ग) न्यून वा उल्लेखनीय निजी पूँजी आवश्यक पर्ने डिजाइन, निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण करार,

(घ) माथि खण्ड क, ख वा ग मा उल्लिखित करारका अन्य रूपहरू ।

**५. परियोजना पहिचान गर्ने :** (१) कार्यपालिकाले आफ्नो क्षेत्र अन्तर्गत सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी विवरण अद्यावधिक बनाई राख्ने छ ।

(२) उपदफा १ बमोजिम विवरण राख्दा कार्यपालिकाले सर्वेक्षण भए वा नभएका परियोजनाको छुट्टाछुट्टै विवरण राख्नुपर्ने छ ।

(३) कार्यपालिकाले उपदफा १ बमोजिम परियोजना पहिचान गर्दा समितिको राय/सिफारिस लिन सक्ने छ ।

**६. प्राथमिकता निर्धारण गर्ने :** (१) कार्यपालिकाले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने परियोजनाको प्राथमिकता निर्धारण गर्ने छ ।

(२) उपदफा १ बमोजिम परियोजना कार्यान्वयनको प्राथमिकता निर्धारण गर्दादेहायका क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने छ ।

(क) सडक, पुल, विमानस्थल, रेलमार्ग, केब्लकार र रोपवे र भवन जस्ता भौतिक पूर्वाधार र यातायात,

(ख) विद्युत् उत्पादन, प्रसारण र वितरण तथा अन्य ऊर्जा क्षेत्र,

(ग) सूचना, सञ्चार तथा प्रविधि,

(घ) फोहोरमैला व्यवस्थापन, स्रोत प्रशोधन केन्द्र (Material Recovery Facility, MRF), पिउने पानी, ढल निकास, पार्क व्यवस्थापन, वातावरण क्षेत्र आदि,

(ङ) शिक्षा, स्वास्थ्य, कृषि, सिंचाई सम्बन्धी पूर्वाधार, सेवा तथा पर्यटन पूर्वाधार,

(च) अन्य सहरी पूर्वाधारहरू वा सेवाको सञ्चालन ।

**७. सार्वजनिक निजी साझेदारी परियोजना छनौटका आधारहरू :** (१) देहायका आधारहरूमा सार्वजनिक निजी साझेदारीबमोजिम कुनै परियोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गरिने छ ।

(क) नगरपालिकाले त्यस्तो परियोजनाको लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको,

(ख) परियोजनाको कार्यान्वयनका लागि गरिएको खर्च वा लगानीबाट सार्वजनिक स्तरमा गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको,

(ग) परियोजना आर्थिक रूपमा सम्भाव्य भएको वा नभएको,

(घ) नगरपालिका र निजी निकायबिच जोखिम तथा लाभको उचित ढङ्गमा बाँडफाँट हुने अवस्था भए वा नभएको ।

२) सार्वजनिक निजी साझेदारीबमोजिम कुनै परियोजना कार्यान्वयनका लागि सार्वजनिक निजी साझेदारीको ढाँचा छनौट गर्दादेहायका कुराहरूलाई ध्यान दिनुपर्ने छ ।

(क) परियोजनाको उद्देश्य पूरा हुने उपयुक्त स्वरूप भएको,

(ख) परियोजनाका लागि निजी क्षेत्रको साधन श्रोत उपलब्ध भएको,

(ग) परियोजनाको डिजाइन, लगानी, निर्माण, सञ्चालन तथा मर्मत सम्भारमा निजी क्षेत्रले वहन गर्न सक्ने भूमिका भएको,

(घ) सम्भावित लगानीकर्ताहरूद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(ङ) उपभोक्ता तथा समुदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको,

(च) वित्तीय संस्था तथा लगानीकर्ताहरूद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(छ) लाभ तथा जोखिम बाँडफाँटको स्वरूप निर्धारण भएको,

(ज) निजी तथा सार्वजनिक क्षेत्रको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको,

(झ) आयोजना सम्झौताको अवधि उल्लेख भएको,

(ञ) जटिल प्रकृतिका सार्वजनिक निजी साझेदारी सम्झौताहरू कार्यान्वयन गर्न सक्ने मानव संसाधनको उपलब्धता भएको ।

**८. परियोजना स्वीकृत गराउनुपर्ने :** (१) कुनै परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा समितिमा छलफल हुँदा उपयुक्त देखिएमा समितिले कार्यपालिकामा पेस गरी कार्यपालिकाबाट स्वीकृत गराउनुपर्ने छ ।

(२) उपदफा १ बमोजिम परियोजना स्वीकृत गराउँदा उक्त परियोजना दफा ४ बमोजिमको कुन ढाँचाबाट कार्यान्वयन गर्न सकिने हो सोसमेत उल्लेख गर्नुपर्ने छ ।

(३) कुनै परियोजना एकभन्दा बढी ढाँचाबाट कार्यान्वयन गर्न सकिने भए एकभन्दा बढी तरिका उल्लेख गरी स्वीकृत गराउन सकिने छ ।

**९. सार्वजनिक निजी साझेदारी कार्यान्वयन नगरिने परियोजना** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका परियोजना सार्वजनिक निजी साझेदारी माध्यमबाट कार्यान्वयन गरिने छैन ।

(क) परियोजना सम्बन्धी वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम र/वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने,

(ख) सार्वजनिक सम्पत्ति वा दायित्वको निजीकरण हुने,

(ग) नगरपालिकाको स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने,

(घ) सार्वजनिक कार्यका लागि निजी निकायबाट प्रदान गरिएको दान, चन्दा वा उपहार प्राप्त हुने,

(ङ) राष्ट्रिय सुरक्षासँग सम्बन्धित,

(च) सार्वजनिक हितका दृष्टिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने अन्य कार्यहरू ।

**१०. आशयपत्र आह्वान गर्न सक्ने :** (१) समितिले दफा ८ बमोजिम स्वीकृत परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरू खुलाई सार्वजनिक रूपमा सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्न सक्ने छ ।

(२) उपदफा १ बमोजिम आशयपत्र पेस गर्न चाहने व्यक्तिले तोकिएबमोजिमका विवरणहरू खुलाई सोहि उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र कार्यालय समक्ष आशयपत्र पेस गर्नुपर्ने छ ।

**११. संक्षिप्त सूची तयार गर्ने :** समितिले आशयपत्र प्राप्त भएको मितिले एक महिनाभित्र तोकिएको आधारमा आशयपत्रको मूल्याङ्कन गरी सफल भएका व्यक्तिको संक्षिप्त सूची तयार पारिने छ ।

तर काबुबाहिरको परिस्थितिले गर्दा उक्त कार्य एक महिनाभित्र छनौट गर्न सम्भव नभएमा समितिले म्याद थप गर्न सक्ने छ ।

**१२. प्रस्ताव आहवान गर्न सक्ने :** (१) समितिले दफा ११ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सो सूचीमा परेका आशयपत्र पेस गर्ने व्यक्तिबाट परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरू खुलाई सार्वजनिक रूपमा सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नसक्ने छ ।

(२) उपदफा १ बमोजिम प्रस्ताव पेस गर्न चाहने व्यक्तिले तोकिएबमोजिमका विवरणहरू खुलाई सोही उपदफाबमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र कार्यालय समक्ष प्रस्ताव पेस गर्नुपर्ने छ ।

**१३. सोझै प्रस्ताव आहवान गर्न सक्ने :** दफा १२ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पहिले नै सर्वेक्षण भइसकेको वा तोकिएबमोजिम भन्दा कम लागतको परियोजना भए समितिले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएको कुराहरू खुलाई सार्वजनिक रूपमा सूचना प्रकाशन गरी सोझै प्रस्ताव आह्वान गर्नसक्ने छ ।

**१४. प्रस्ताव छनौट गर्ने :** (१) दफा १२ वा १३ बमोजिम प्रस्ताव प्राप्त भएपछि समितिले प्रस्ताव प्राप्त भएको मितिले बढिमा साठी दिनभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्ने छ ।

(क) प्रस्तावकको प्राविधिक क्षमता,

(ख) प्रस्तावकको आर्थिक क्षमता,

(ग) प्रचलित कानुनबमोजिम परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(घ) नगरपालिकालाई बुझाउने प्रस्तावित रोयल्टी रकम वा शुल्क,

(ङ) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित शुल्क,

(च) तोकिए बमोजिमका अन्य विवरण ।

(२) उपदफा १ बमोजिमका आधारमध्ये प्रस्ताव छनौट सम्बन्धी आधार समितिले प्रस्ताव पेस गर्नुअघि प्रस्तावकलाई उपलब्ध गराउने छ ।

(३) उपदफा १ बमोजिम प्रस्ताव छनौट गरेपछि समितिले त्यसको जानकारी छनौट भएको प्रस्तावकलाई अविलम्ब दिनुपर्ने छ ।

(४) उपदफा १ को अवधिभित्र काबुबाहिरको परिस्थितिले गर्दा प्रस्ताव छनौट गर्न सम्भव नभएमा समितिले म्याद थप गर्नसक्ने छ ।

**१५. वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्ने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा दुईपटक मनसायपत्र वा प्रस्ताव आह्वान गर्दा पनि आवश्यक सङ्ख्यामा मनसायपत्र वा प्रस्ताव पेस हुन नसकेको परियोजना समितिको सिफारिसमा कार्यपालिकाले वार्ताद्वारा कार्यान्वयन गराउने निर्णय गर्न सक्ने छ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिब हुने भनी समितिले सिफारिस गरेमा त्यस्तो परियोजना कार्यपालिकाको निर्णयानुसार वार्ताद्वारा कार्यान्वयन गराउन सकिने छ ।

(क) परियोजनाको प्रकृति वा लागतको कारण प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(ग) अन्य कुनै कारणले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न उपयुक्त हुने ।

(३) उपदफा २ बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिएका कुराहरू खुलाई कार्यालय समक्ष निवेदन दिनुपर्ने छ ।

(४) उपदफा ३ बमोजिम प्राप्त भएको निवेदन समितिबाट जाँचबुझ गर्दा वार्ताद्वारा सो परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा समितिको सिफारिसमा कार्यपालिकाले निवेदकसँग वार्ता गरी कार्यान्वयन गराउने छ ।

(५) यस दफा बमोजिम वार्ताद्वारा परियोजना कार्यान्वयन गर्दा समितिले निवेदक व्यक्तिसँग दफा १८ बमोजिमको र अन्य आवश्यक विवरण माग गर्नसक्ने छ ।

**१६. वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नका लागि कार्यालय समक्ष निवेदन दिनसक्ने छ ।

(२) उपदफा १ बमोजिम परेको निवेदन उपर समितिले आवश्यक जाँचबुझ एवम् निवेदक व्यक्तिसँग वार्ता गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिब देखिएमा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिनसक्ने छ ।

(३) उपदफा २ बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति स्वयंले व्यहोर्नुपर्ने छ ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा २ बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको समितिबाट स्विकृत खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नुपर्ने छ ।

**१७. समझदारीपत्र गर्न सक्ने :** दफा १४ बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा १५ को उपदफा ५ बमोजिम माग गरिएको विवरणका आधारमा परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार कार्यालयले प्रस्तावकसँग परियोजनाको कार्यान्वयन गर्ने सम्बन्धमा समझदारीपत्र सम्पन्न गर्नसक्ने छ ।

तर परियोजनाको प्रकृति हेरी समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार कार्यालयले प्रस्तावकसँग प्रारम्भिक परियोजना सम्झौतासमेत गर्नसक्ने छ।

**१८. परियोजनाको विवरण पेस गर्नु :** (१) दफा १७ बमोजिम समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौतामा उल्लिखित समयावधिभित्र र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा परियोजनाको प्रकृति हेरी छ महिनामा नबढ्ने गरी समितिले तोकेको समयावधिभित्र प्रस्तावकले परियोजना कार्यान्वयन सम्बन्धी तोकिए बमोजिमका विवरणहरू समिति समक्ष पेस गर्नुपर्ने छ।

(२) उपदफा १ बमोजिमको अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेस गर्न नसक्ने कुनै मनासिब कारण देखाई समयावधि थपका लागि कार्यालयसमक्ष निवेदन दिएमा समितिले बढीमा छ महिनाको समयावधि थप गरिदिन सक्ने छ।

(३) उपदफा १ वा २ बमोजिमको अवधिभित्र प्रस्तावकले सो विवरण पेस गर्न नसक्ने कारण देखाई कार्यालयसमक्ष दिएको निवेदन जाँचबुझ गर्दा सो कारण मनासिब देखिएमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार कुनै खास परियोजनाको हकमा मात्र सम्झौता भएपछि सो विवरण पेस गर्न स्वीकृति दिनसक्ने छ।

**१९. रद्द गर्न सक्ने :** (१) दफा १८ बमोजिमको समयावधिभित्र प्रस्तावकले विवरण पेस नगरेमा वा त्यसरी पेस गरिएको विवरण अध्ययन गर्दा परियोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा कार्यपालिकाले समितिको सिफारिसमा त्यसको कारण खुलाई प्रस्तावकसँग समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेको भए त्यस्तो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा निजको प्रस्ताव रद्द गर्नसक्ने छ।

(२) उपदफा १ बमोजिम समझदारीपत्र, प्रारम्भिक परियोजना सम्झौता वा प्रस्ताव रद्द भएमा प्रस्तावकले नगरपालिकासँग कुनै किसिमको हानि नोक्सानी बापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन।

## परिच्छेद-३

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

**२०. सम्झौता गर्ने :** (१) दफा १८ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा समितिले प्रस्तावकसँग आवश्यकतानुसार वार्ता गरीं सम्झौताका लागि कार्यपालिकाकालाई सिफारिस गर्ने छ।

(२) उपदफा १ बमोजिम भएको सिफारिसका आधारमा कार्यपालिकाकाले सम्झौता निर्णय गर्ने छ।

(३) उपदफा २ बमोजिमको निर्णयानुसार कार्यालयले प्रस्तावक व्यक्तिसँग सम्झौता गर्ने छ।

(४) प्रस्तावकले दफा १८ को उपदफा ३ बमोजिमको विवरण सम्झौतामा लेखिएको अवधिभित्र पेस गर्नु पर्ने छ। सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेस गर्न नसकेमा प्रस्तावकसँग गरेको सम्झौता स्वतः रद्द भएको मानिने छ।

**२१. सम्झौतामा खुलाउर्नुपर्ने कुराहरू :** सम्झौतामा देहायका कुराहरू खुलाउनुपर्ने छ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना कार्यान्वयन सुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(च) परियोजनाको प्राविधिक गुणस्तर तथा स्टान्डर्ड,

(छ) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) परियोजना लिजमा दिइएको भए सोको विवरण र लिजका सर्तहरू,

(झ) परियोजनाको सञ्चालन वा हस्तान्तरणको सर्त,

(ञ) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ट) परियोजनाको बिमा सम्बन्धी व्यवस्था,

(ठ) परियोजनामा जडित मेसिन तथा परियोजना हस्तान्तरणका बखत हुनुपर्ने अवस्था र गुणस्तर,

(ड) नगरपालिकालाई प्रस्तावकले बुझाउनुपर्ने रोयल्टी र भुक्तानी विधि,

(ढ) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौताबमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ण) परियोजनामा नगरपालिकाको कुनै लगानी हुने भए त्यस्तो लगानी र सोबापत स्थानीय सरकारले प्राप्त गर्ने प्रतिफल,

(त) अन्य आवश्यक कुराहरू ।

**२२. कार्यसम्पादन जमानत (परफर्मेन्स बण्ड) तथा बोलपत्र जमानत (बिड बण्ड) सम्बन्धी व्यवस्था :** (१) प्रस्तावकले दफा २० अनुसार सम्झौता गर्न कार्यसम्पादन जमानत बापत परियोजनाको कुल लागतको शून्य दशमलव पाँच प्रतिशत भन्दा कम नहुने गरी र आम्दानी वा रोयल्टीतर्फ प्रस्तावक व्यक्तिले कबोल गरेको वार्षिक रोयल्टी रकमको पचास प्रतिशत भन्दा कम नहुने गरी समितिले तोकेबमोजिमको रकम वा सो बराबरको बैङ्क ग्यारेन्टी समितिले तोकेको अवधिभित्र कार्यालयमा पेस गर्नुपर्ने छ ।

(२) प्रस्तावकले बोलपत्र जमानत बापत तोकिएबमोजिमको रकम वा सो बराबरको बैङ्क ग्यारेन्टी तोकिएबमोजिम कार्यालयमा दाखिला गर्नुपर्ने छ ।

**२३. अनुमतिपत्र दिने :** दफा २० बमोजिम सम्झौता गरेपछि कार्यालयले प्रस्तावकलाई परियोजनाको कार्यान्वयन गर्न अनुमतिपत्र दिने छ ।

**२४. रीत पुगेको मानिने :** (१) प्रचलित कानूनमा जूनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कार्यपालिकाबाट परियोजना स्वीकृत भई दफा २३ बमोजिम अनुमतिपत्र प्राप्त गरेकोमा त्यस्तो अनुमतिपत्र प्रचलित कानुनको रीत पुर्‍याई जारी भएको मानिने छ ।

(२) उपदफा १ बमोजिम जारी भएको अनुमतिपत्रका सर्तहरू उपर अनुमतिपत्र बहाल रहेको अवधिभर प्रतिकूल हुने गरी कुनै कानुनी, प्रशासनिक वा नीतिगत व्यवस्था गरिने छैन र सम्झौता प्रतिकुल हुने गरी गरिएको कुनै पनि कानुनी, प्रशासनिक वा नीतिगत व्यवस्था मान्य हुने छैन ।

**२५. अन्य व्यक्तिलाई अनुमतिपत्र नदिइने :** परियोजनाको कार्यान्वयन गर्नका लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमतिपत्र दिई सकेपछि सम्झौतामा लेखिए बमोजिमबाहेक सोही क्षेत्रमा सो परियोजनालाई प्रतिकुल असर पर्ने गरी त्यस्तै किसिमको परियोजनाको कार्यान्वयन गर्न अन्य व्यक्तिलाई अनुमतिपत्र दिइने छैन ।

**२६. अनुमतिपत्रको अवधि :** (१) अनुमतिपत्रको अवधि तिस वर्षमा नबढाई सम्झौतामा लेखिए बमोजिम हुने छ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति परी अनुमतिपत्रको अवधि बढाउन आवश्यक भएको कारण खुलाई अवधि थपका लागि अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिव देखिएमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार बढीमा पाँच वर्षसम्म अनुमतिपत्रको अवधि थप गर्नसक्ने छ ।

(३) अनुमतिपत्रको अवधि तोकिएको आधारमा निर्धारण गरिने छ ।

**२७. अनुमतिपत्र रद्द गर्न सक्ने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौताबमोजिम परियोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेमा समितिको सिफारिसमा कार्यपालिकाले अनुमतिपत्र प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्नसक्ने छ।

(२) उपदफा १ बमोजिम समितिले अनुमतिपत्र रद्दको प्रक्रिया अगाडि बढाउदा अनुमतिपत्र प्राप्त व्यक्तिलाई सफाइको मौका दिइने छ।

(३) उपदफा १ बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिने छ।

(४) यस दफा बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले समिति वा नगरपालिकासँग कुनै किसिमको दाबी गर्न पाउने छैन।

**२८. रोयल्टी बुझाउनुपर्ने :** रोयल्टी बुझाउने गरी सम्झौता भएकोमा अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौताबमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित अवधिमा नगरपालिकालाई बुझाउनुपर्ने छ।

**२९. परियोजना हस्तान्तरण गर्नुपर्ने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौतामा लेखिएबमोजिम नगरपालिकालाई परियोजना हस्तान्तरण गर्नुपर्ने छ।

(२) उपदफा १ बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण तथा संरचना सम्झौतामा लेखिएबमोजिमको क्षमता, अवस्था र चालु हालतमा हुनुपर्ने छ।

**३०. नगरपालिकाको स्वामित्व हुने :** दफा २९ बमोजिम हस्तान्तरण भएको परियोजना र सोसँग सम्बन्धित घर जग्गा तथा उपकरणको स्वामित्व नगरपालिकाको हुने छ।

## परिच्छेद-४

## अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार तथा सुविधा

**३१. राष्ट्रियकरण नगरिने :** अनुमतिपत्रको अवधिभर कुनै पनि परियोजना र सोसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा अन्य संरचना राष्ट्रियकरण गरिने छैन।

**३२. शुल्क उठाउन पाउने :** अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराएबापत उपभोक्तासँग सम्झौताबमोजिम शुल्क उठाउन सक्ने छ।

**३३. घर जग्गा आदिमा प्रवेश गर्न सक्ने :** (१) परियोजना कार्यान्वयनको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै घर, जग्गा, उद्योग, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्सा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसका लागि आवश्यकतानुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनका लागि सम्बन्धित धनीलाई अग्रीम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्नसक्ने छ।

(२) उपदफा १ बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्न बाली वा हुर्केका रुख विरुवा काट्नु, उखेल्नु परेमा वा जग्गामा रहेका कुनै छेकबार, पर्खाल, कुनै मेसिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिब क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमतिपत्र प्राप्त व्यक्तिले सो गर्नसक्ने छ।

(३) उपदफा १ बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितिमा प्रवेश गर्नुपर्ने छ।

**३४. घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्नसक्ने :** (१) परियोजना कार्यान्वयनको सिलसिलामा परियोजना स्थल र त्यसको निश्चित दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमतिपत्र प्राप्त व्यक्तिले कार्यालय समक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा समितिले प्रचलित

कानुनबमोजिम त्यस्तो घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ।

तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानि नोक्सानी बापतको क्षतिपूर्ति अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नुपर्ने छ।

(२) उपदफा १ बमोजिम दिईने क्षतिपूर्ति निर्धारण गर्नको लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहने छ र सो समितिले सम्बन्धित व्यक्तिलाई वास्तविक रूपमा पर्न गएको हानि नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्ने छ।

(३) उपदफा २ बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैतीस दिनभित्र समिति समक्ष उजुरी गर्नसक्ने छ।

(४) उपदफा ३ बमोजिम परेको उजुरी उपर तीन महिनाभित्र निर्णय गरिसक्नुपर्ने छ र सो उजुरीका सम्बन्धमा समितिले गरेको निर्णय अन्तिम हुने छ।

**३५. घर जग्गा व्यवस्था :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा आफैले खरिद गरी वा अन्य रूपमा व्यवस्था गर्नुपर्ने छ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा १ बमोजिम खरिद गर्न वा अन्य रूपमा व्यवस्था गर्न नसकेमा र सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नुपर्ने उल्लेख भएमा अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा समितिको सिफारिसमा कार्यालयले त्यस्तो घर जग्गा प्रचलित कानुनबमोजिम प्राप्त गर्न सहजीकरण गर्ने छ।

(३) उपदफा १ बमोजिम घर जग्गा प्राप्त गर्दा घर जग्गाधनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नुपर्ने छ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा परियोजना कार्यान्वयनका लागि आवश्यक भएमा सम्झौतामा लेखिए बमोजिम कार्यपालिकाको निर्णयानुसार प्रचलित कानुनको अधिनमा रही लिज वा बहालमा प्रयोग गर्न दिनसक्ने छ।

**३६. परियोजनाको सुरक्षा गर्न सक्ने :** (१) परियोजनाको सुरक्षा अनुमतिपत्र प्राप्त व्यक्ति आफैले गर्नुपर्ने छ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले विशेष कारण देखाई परियोजनाको खास किसिमको सुरक्षाका लागि समितिसँग अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी त्यस्तो परियोजनाको सुरक्षाको व्यवस्था गर्न समितिले आयोजनाको सुरक्षाको आवश्यक व्यवस्था गर्नसक्ने छ।

**३७. सहयोग उपलब्ध गराउनुपर्ने :** (१) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा कार्यपालिका, समिति र कार्यालयले सूचना र सम्झौताबमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराउनुपर्ने सहयोग, दिनुपर्ने स्वीकृति वा गरिदिनुपर्ने काम उल्लिखित तरिका र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनुपर्ने छ।

(२) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानुनबमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नुपर्ने खर्च र दायित्व अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी समिति आफैंले त्यस्तो सहयोग उपलब्ध गराउनुपर्ने छ। साथै समितिले सम्बन्धित निकायलाई त्यस्तो सहयोग उपलब्ध गराउन लेखि पठाउनु पर्ने भएमा कार्यालयमार्फत लेखि पठाउनुपर्ने छ।

**३८. विदेशी विनिमयको सुविधा :** परियोजनाको कार्यान्वयनका लागि ऋण वा शेयर पूँजीको रूपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नका लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानुनबमोजिम उपलब्ध हुने छ।

**३९. विष्फोटक पदार्थको प्रयोग :** परियोजनाको कार्यान्वयनका लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा निजलाई प्रचलित कानुनबमोजिम त्यस्तो विष्फोटक पदार्थ प्रयोग गर्न कार्यालयले अनुमतिका लागि सम्बन्धित निकायमा सिफारिस दिने छ।

**४०. कानुनबमोजिमको सुविधा पाउने :** यस ऐनबमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐनबमोजिमको सुविधाको अतिरिक्त प्रचलित कानुनबमोजिम उद्योगले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट प्राप्त गर्ने छ ।

**४१. सेवा सुविधाका सर्त तोक्न सक्ने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन वा सम्झौता र अन्य प्रचलित कानुनको अधिनमा रही आवश्यक सर्त तोक्न सक्ने छ ।

(२) उपदफा १ बमोजिम तोकिएका सर्त पालना गर्नु उपभोक्ताको कर्तव्य हुने छ ।

## परिच्छेद-५

## लगानी सम्बन्धी व्यवस्था

**४२. अनुमतिपत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्ने :** (१) सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक परियोजना कार्यान्वयन गर्न आवश्यक लगानीको व्यवस्था अनुमतिपत्र प्राप्त व्यक्तिले गर्नुपर्ने छ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना अन्तर्गतको घर, जग्गा वा मुख्य मेसिन उपकरण धितो राखी ऋण लिँदा स्वीकृतिका लागि कार्यालयसमक्ष निवेदन दिनुपर्ने छ ।

(३) उपदफा २ बमोजिम स्वीकृति माग भएमा समितिले आवश्यक छानविन गर्दा स्वीकृति दिन मनासिब देखिएमा कार्यपालिकालाई सिफारिस गर्ने छ ।

(४) उपदफा ३ बमोजिम सिफसिरको आधारमा कार्यपालिकाले स्वीकृति दिने निर्णय गरेमा कार्यालयमार्फत घर, जग्गा वा मुख्य मेसिन उपकरण धितो राखी ऋण लिन स्वीकृति दिइने छ ।

**४३. संयुक्त लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले सम्झौतामा उल्लेख भएबमोजिम कुनै परियोजना कार्यान्वयन गर्न जग्गा उपलब्ध गराएर, स्वपुँजीमा हिस्सेदारी गरेर वा अन्य रूपमा संयुक्त लगानी गर्न सक्ने छ ।

(२) उपदफा १ बमोजिम भएको लगानी परियोजना कार्यान्वयन गर्ने निजी क्षेत्रले नगरपालिकाको हिस्सा लिन चाहेमा परियोजनाको प्रचलित मूल्यमा हिसाब गरी दिन सकिने छ ।

**४४. अन्य व्यक्तिसँग सम्झौता गर्न सक्ने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा लगानी प्राप्त गर्न वा परियोजनाबमोजिमको कुनै काम कुनै व्यक्तिबाट गराउने गरी अन्य व्यक्तिसँग सम्झौता गर्न सक्ने छ ।

तर त्यसरी सम्झौता भएको कारणले परियोजना कार्यान्वयन गर्ने दायित्वबाट निजले उन्मुक्ति पाउने छैन ।

(२) उपदफा १ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सम्झौता गरेको भए त्यस्तो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र सो सम्झौताको प्रतिलिपि कार्यालयसमक्ष पेस गर्नुपर्ने छ ।

**४५. भुक्तानी सम्झौता गर्नसक्ने :** अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना निर्माण गरी नगरपालिकालाई हस्तान्तरण गर्ने गरी वा दफा ३२ बमोजिमको शुल्क नउठाई अन्य रूपमा परियोजनामा गरेको लगानी फिर्ता पाउने गरी दफा २० बमोजिम सम्झौता भएकोमा कार्यालयले एकमुष्ट रूपमा वा किस्ताबन्दीमा त्यस्तो रकम भुक्तानी गर्ने वा शुल्क भुक्तानी पाउने गरी सम्झौता गर्न सक्ने छ ।

**४६. सम्भाव्यता न्यून परिपूर्ति कोष :** कार्यपालिकाले संभाव्य आयको तुलनामा लागत बढी हुने परियोजनालाई अनुदान उपलब्ध गराउन सम्भाव्यता न्यून परिपूर्ति कोष खडा गर्नसक्ने छ ।

(२) उपदफा १ बमोजिमको कोषमा नगरपालिकाले विनियोजन गरेको रकम जम्मा गरिने छ ।

(३) उपदफा १ बमोजिमको कोषबाट परियोजनालाई संभाव्य बनाउन आवश्यक रकम मात्र समितिको सिफारिसमा कार्यपालिकाले अनुदान दिन सक्ने छ ।

(४) संभाव्यता न्यून परिपूर्ति कोष तथा सो को सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

## परिच्छेद-६

## समितिको गठन सम्बन्धी व्यवस्था

**४७. समितिको गठन तथा काम कर्तव्य र अधिकार :** (१) सार्वजनिक निजी साझेदारी तथा निजी लगानीमा परियोजना परिचालनलाई प्रोत्साहन तथा व्यवस्थापन गर्न उपदफा २ बमोजिम नगरपालिकामा सार्वजनिक निजी साझेदारी (सानिसा) समिति गठन हुने छ ।

(२) समितिको गठन देहाय बमोजिम हुने छ :

(क) नगरप्रमुख -अध्यक्ष

(ख) उप-नगरप्रमुख -उपाध्यक्ष

(ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(घ) सम्बन्धित वडा अध्यक्ष -सदस्य

(ङ) नगर प्रमुखले तोकेको कार्यपालिकाको महिला सदस्य मध्येबाट १ जना-सदस्य

(च) निजी क्षेत्रबाट कार्यपालिकाले मनोनित गरेका २ जना व्यक्ति -सदस्य

(छ) कार्यालयले तोकेको प्राविधिक अधिकृत १ जना -सदस्य

(ज) कार्यालयको कानुन अधिकृत वा कानुन हेर्ने अधिकृत -सदस्य

(झ) सार्वजनिक निजी साझेदारी एकाइ प्रमुख -सदस्य सचिव

(३) समितिले सम्बन्धित विषयमा अनुभव भएको तथा विशेष ज्ञान हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(४) कार्यपालिकाले आवश्यकताअनुसार विषय विज्ञ सम्बन्धित कार्यक्रम/आयोजनाका लागि सेवा करारमा नियुक्त गर्नसक्ने छ ।

(५) समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

(क) सार्वजनिक निजी साझेदारी विकासका लागि आवश्यक नीति, योजना तयार गरी कार्यान्वयनका लागि कार्यपालिकामा पेस गर्ने,

(ख) सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने आयोजनाहरूको सूची तयार गरी कार्यपालिकामा पेस गर्ने,

(ग) कार्यालयमा पेस भएका मनसायपत्र र प्रस्तावपत्रहरू तोकिएको आधारमा मूल्याङ्कन गर्ने गराउने,

(घ) सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने आयोजनाहरूको कार्यान्वयनको सन्दर्भमा आइपरेका समस्याहरू समाधानका लागि आवश्यक पहल एवम् सहजीकरण गर्ने,

(ङ) सार्वजनिक निजी साझेदारीमा सञ्चालित आयोजनाहरूको अनुगमन गरी निजी साझेदारलाई आवश्यक निर्देशन दिने,

(च) सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने र सञ्चालित आयोजनाहरूको विवरण तयार गरी कार्यपालिकालाई सिफारिस गर्ने ।

(छ) यस ऐन र यस ऐनबमोजिम बनेका नियम, कार्यविधि र निर्देशिकाबमोजिम समितिले गर्ने भनी तोकिएका कार्यहरू गर्ने गराउने ।

**४८. समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकतानुसार बस्ने छ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा समितिका उपाध्यक्षले समितिको बैठकको अध्यक्षता गर्ने छ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुने छ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

**४९. सार्वजनिक निजी साझेदारी एकाइ :** (१) समितिको सचिवालयको रूपमा कार्य गर्नका लागि कार्यालयमा एक सार्वजनिक निजी साझेदारी एकाइ रहने छ ।

(२) उपदफा १ बमोजिम एकाइमा कार्य गर्नका लागि एक जना प्रमुख र आवश्यकता अनुसार अन्य कर्मचारीहरू कार्यालयले व्यवस्था गर्ने छ ।

(३) उपदफा १ बमोजिमको एकाइको काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ ।

**५०. निर्देशन दिन सक्ने :** समितिले परियोजनाको कार्यान्वयनको सम्बन्धमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्ने छ । त्यस्तो निर्देशन पालना गर्नु अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुने छ ।

**५१. प्राविधिक समिति :** (१) नगरपालिकाले कार्यान्वयन गर्ने परियोजनाको सम्बन्धमा सुझाव दिनका लागि नगरपालिकाको सचिवको अध्यक्षतामा सम्बन्धित विषयको विशेषज्ञसमेत रहने गरी बढीमा पाँच सदस्य रहेको एक प्राविधिक समिति तोकिएबमोजिम गठन गर्न सकिने छ ।

(२) प्राविधिक समितिको अध्यक्षले तोकेको सम्बन्धित नगरपालिकाको कुनै अधिकृत कर्मचारीले प्राविधिक समितिको सचिव भई काम गर्ने छ ।

(३) प्राविधिक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

## परिच्छेद-७

## विविध

**५२. नगरपालिकाको अधिकार हुने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि रु. ६ अर्ब भन्दा कम लागत भएको परियोजना यस ऐनबमोजिम कार्यपालिकाले सार्वनजिक निजी साझेदारी (सानिसा) मा कार्यान्वयन गर्न सक्ने छ ।

**५३. विवादको समाधान :** (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा समिति र अनुमतिपत्र प्राप्त व्यक्तिबिच कुनै विवाद् उत्पन्न भएमा त्यस्तो विवाद् आपसी समझदारीबाट समाधान गर्नुपर्ने छ ।

(२) उपदफा १ बमोजिम आपसी समझादारीबाट विवाद् समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोहीबमोजिम र उल्लेख नभएकोमा मध्यस्थताको समेत प्रयोग गर्न सकिने छ ।

(३) उपदफा २ बमोजिम पनि विवाद् समधान नभएमा विवाद समधानको विषमा कार्यपालिकाले आवश्यक निर्णय लिने छ ।

(४) उपदफा २ बमोजिमको निर्णय अनुमति प्राप्त व्यक्तिलाई चित्त नबुझेमा निजलाई प्रचलित कानुनबमोजिम कानुनी उपचारको हक हुने छ ।

**५४. क्षतिपूर्ति सम्बन्धी व्यवस्था :** (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा सम्झौता कुनै पक्षले यो ऐन वा ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानीबापतको मनासिब रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपूर्ति बापत बुझाउनुपर्ने छ ।

(२) उपदफा १ बमोजिमको क्षतिपूर्ति नगरपालिकाबाट व्यहोर्नु पर्ने भएमा त्यस्तो क्षतिपूर्ति बापतको रकम हिसाब गरी कार्यपालिकाको निर्णयानुसार नगद भुक्तानी गर्न वा अनुमतिपत्रको अवधि थप गरी मिलान गर्न सक्ने छ ।

**५५. लिज वा भाडामा दिन सक्ने** : नगरपालिकाले समितिको सिफारिसमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो स्वामित्वमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन, कुनै मेसिन, औजार वा पूर्वाधार संरचना लिज वा भाडामा दिन सक्ने छ ।

(२) उपदफा १ बमोजिम लिज वा भाडामा दिँदाका सर्तहरू सम्झौतामा लेखिएबमोजिम हुने छन् ।

**५६. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने :** अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नुपर्ने छ ।

**५७. अध्ययन प्रतिवेदन माथि अधिकार कायम रहने :** प्रस्तावकले प्रस्तावसाथ पेस गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहने छ । प्रस्तावकको लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरू अन्य कुनै कामका लागि प्रयोग वा प्रकाशन गरिने छैन ।

**५८. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्ने छ ।

**५९. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्ने छ ।

आज्ञाले,

मान बहादुर खड्का

प्रमुख प्रशासकीय अधिकृत